प्रदेश सरकार

# स्वास्थ्य मन्त्रालय

कोशी प्रदेश, बिराटनगर, नेपाल

प्रथम पटक सूचना प्रकाशित मितिः- २०८०।१०।२२

कोभिड-१९ प्रतिकार्य अन्तर्गत ग्लोवल फण्डबाट प्रादेशिक प्रेषण केन्द्र, विराटनगरमा कार्य गर्ने गरी देहायका प्राविधिक जनशक्तिहरु खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा सेवा करार गरी पदपूर्ति गर्नुपर्ने भएकोले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १० (दश) दिनभित्र देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ।

| क्र.सं. | विज्ञापन | पद | सेवा/ समूह | श्रेणी/तह | माग संख्या |
|---|---|---|---|---|---|
| १. | २-०८०/८१ | स्टाफ नर्स | स्वास्थ्य/ ज.न. | सहायकस्तर, पाँचौ | ३ (तीन) |

१. परीक्षाको किसिमः- लिखित तथा अन्तर्वार्ता ।

२. परीक्षा मितिः पछि प्रकाशन गरिनेछ।

३. अन्तर्वार्ता मितिः- लिखित परीक्षाको नतिजा प्रकाशनसंगै प्रकाशित गरिनेछ।

४. परीक्षा केन्द्रः- पछि तोकिनेछ।

५. छनोटका आधारः लिखित, अन्तर्वार्ता र सम्बन्धित विषयमा तालिम ( Emergency health basic/emergency medical technician, emergency medical dispatch, medical responder prehospital care wilderness first responder, rural first responder, trauma care, BLS, ACLS वा primary Emergency Care and Pre hospital Care system)

६. दरखास्त दिने अन्तिम मितिः २०८०।१०।२२ गतेदेखि २०८०/११/०२ गतेसम्म (म्याद नाघि आएका दरखास्त फारम लिइने छैन।)

७. दरखास्त फारम उपलव्ध हुने माध्यमः स्वास्थ्य मन्त्रालय, कोशी प्रदेश, विराटनगरको वेवसाईट moh.koshi.gov.np मा प्राप्त गर्न सकिनेछ। वेवसाइटबाट फारम डाउनलोड गरी फारम भरी पेश गर्नुपर्नेछ।

८. दरखास्त बुझाउने स्थानः स्वास्थ्य मन्त्रालय, कोशी प्रदेश, विराटनगर।

९. करार अवधिः १५ जुलाई २०२४ सम्म।

१०. दरखास्त दस्तुरः रू ४०० (चार सय)।

११. यस मन्त्रालयको राजश्व संकेत नम्बर १४२२४, कोड नम्बर ३७०००१३०११ मा दरखास्त दस्तुर बुझाउने पर्नेछ।

१२. उम्मेदवारको उमेरको हदः दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ।

१३. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरुः
न्यूनतम् शैक्षिक योग्यता, तालिमको अनुभव, नेपाली नागरिकताको प्रमाण पत्र, र प्रचलित नेपाल कानून बमोजिम काउन्सिलमा दर्ता भएको प्रमाण पत्रको (नविकरण भएको) प्रतिलिपिहरु संलग्न गर्नुपर्नेछ। नेपालबाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ।

१४. पदमा रही गर्नुपर्ने कामको विवरणः तोकिए बमोजिम।

१५. तलबः प्रचलित कानून बमोजिम।

१६. आवश्यक न्यूनतम शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ।)

सचिव